आज मिति **२०७९** साल **पौष २५** गते यस म्यागङ गाउँपालिकाका अध्यक्ष श्री **आशा तामाङ** ज्यूको अध्यक्षतामा बसेको म्यागङ गाउँपालिका कार्यपालिकाको बैठकमा निम्नानुसार पदाधिकारी सदस्यहरुको उपस्थिति भई निम्न अनुसार निर्णय गरियो।

१. अध्यक्ष- आशा तामाङ

२. उपाध्यक्ष- सीता तामाङ

३. सदस्य- जिमा बहादुर तामाङ

४. सदस्य- सन्द विर तामाङ

५. सदस्य- हरि बहादुर तामाङ

६. सदस्य- कमल बहादुर तामाङ

७. सदस्य- जित बहादुर तामाङ

८. सदस्य- हरि कुमार तामाङ

९. सदस्य- सरु घले

१०. सदस्य- टेक राज घले

११. सदस्य- सम्झना तामाङ

१२. सदस्य- सिंगराम घले

१३. सदस्य- गंगा तामाङ

१४. सदस्य- कमला तामाङ

१५. सदस्य सचिव- श्री रमेश सिङदन (प्रमुख प्रशासकीय अधिकृत)

**आमन्त्रित:**

१. बिरेन्द्र तामाङ (सूचना प्रविधि अधिकृत)

म्याग्दी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय देउराली, नुवाकोट बागमती प्रदेश, नेपाल २०७३

**प्रस्ताव नं. १ — यस अघिको बैठकमा भएका निर्णयहरुको कार्यान्वयन समीक्षा।**

**निर्णय नं. १** — म्यागङ गाउँ कार्यपालिकाको यस अघिको बैठकमा भएका निर्णयहरुको कार्यान्वयन समीक्षा एवं प्रगति सम्बन्धमा समीक्षा गरियो।

**प्रस्ताव नं. २ — सार्वजनिक विदा सम्बन्धमा।**

**निर्णय नं. २** - प्रस्ताव नं. २ उपर छलफल गर्दा आउदै गरेको सोनाम ल्होसारको उपलक्ष्यमा यस पालिका भर लागु हुने गरि मिति २०७९/१०/०९ गते सार्वजनिक विदा दिने भनी निर्णय गरियो।

**प्रस्ताव नं. ३ — स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन र स्थानीय तह वित्तिय शुसान जोखिम मूल्याङ्कन नतिजा स्विकृत सम्बन्धमा।**

**निर्णय नं. ३** — प्रस्ताव नं. ३ उपर छलफल गर्दा स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको प्रारम्भिक नतिजा र स्थानीय तह वित्तिय शुसान जोखिम मूल्याङ्कन नतिजा स्विकृत गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ४ — आ.व २०८०/८१ को आय व्ययको प्रक्षेपण सम्बन्धमा।**

**निर्णय नं. ४** — प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस गाउँपालिकाको राजश्व परामर्श समिति तथा श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको निर्णय बमोजिम भएको आ.व २०८०/८१ को आय व्ययको प्रक्षेपणलाई स्विकृत गर्ने भनी निर्णय गरियो।

**आर्थिक बर्ष २०८०/८१ को अनुमानित आय व्यय प्रक्षेपण**

| शिर्षक | | २०७८/७९ को यथार्थ | २०७९/८० को संशोधित अनुमान | २०८०/८१ को अनुमान | कैफियत |
|---|---|---|---|---|---|
| | | | राजश्व | | |
| १ | आन्तरिक राजश्व | | | | |
| १.१ | मालपोत/भुमी कर | | | 600,000 | |
| १.२ | व्यवसाय कर | | | 350000 | |
| १.३ | घर जग्गा बहाल कर | | | 50000 | |
| 1.4 | दहतर बहतर कर | | | 900000 | |
| 1.5 | जडीबुडी कवाडि र जिवजन्तु कर | | | 50000 | |
| 1.6 | घर जग्गा नक्सा पास | | | 100000 | |
| 1.7 | सेवा, शुल्क, दस्तुर | | | 1000000 | |
| 1.8 | अन्य | | | 750000 | |
| | | | | | |

स्याङ्जा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भैरबी, ...
बागमती प्रदेश, नेपाल
२०७३

| | | | | |
|---|---|---|---|---|
| 2 | राजश्व बाँडफाँड | | | |
| 2.1 | संघीय सरकारबाट | 65947000 | 72541700 | |
| 2.2 | प्रदेश सरकारबाट | 16389000 | 18027900 | |
| | | | | |
| ३ | वित्तीय हस्तान्तरण | | | |
| 31 | नेपाल सरकारबाट प्राप्त हुने अनुदान | | | |
| 3.1.1 | वित्तीय समानीकरण अनुदान | ७७८००००० | 85580000 | |
| 3.1.2 | सशर्त अनुदान चालु | 147100000 | 161810000 | |
| 3.1.3 | सशर्त अनुदान पुँजीगत | 17700000 | 19470000 | |
| 3.1.4 | समपुरक अनुदान चालु | 0 | 0 | |
| 3.1.5 | समपुरक अनुदान पुँजीगत | 0 | 30000000 | |
| 3.1.6 | विशेष अनुदान चालु | 0 | 0 | |
| 3.1.7 | विशेष अनुदान पुँजीगत | 14000000 | 30000000 | |
| 3.2 | प्रदेश सरकारबाट प्रप्त हुने अनुदान | | 0 | |
| 3.2.1 | वित्तीय समानीकरण अनुदान | 6368000 | 7004800 | |
| 3.2.2 | सशर्त अनुदान चालु | 22164000 | 24380400 | |
| 3.2.3 | सशर्त अनुदान पुँजीगत | 0 | 0 | |
| 3.2.4 | समपुरक अनुदान चालु | 0 | 0 | |
| 3.2.5 | समपुरक अनुदान पुँजीगत | 29711000 | 32682100 | |
| 3.2.6 | विशेष अनुदान चालु | 0 | 0 | |
| 3.2.7 | विशेष अनुदान पुँजीगत | 0 | 30000000 | |
| ४ | वित्तीय व्यवस्था | | | |
| ५ | अन्य स्थानीय तह साझेदारी | | | |
| ६ | अन्य | | | |
| जम्मा | | | | |
| व्यय | | | | |
| १ | चालु | | | |

म्यागङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देउराली, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७३

| | | | | | |
|---|---|---|---|---|---|
| 1.1 | पारिश्रमिक/सुविधा | | | | |
| 1.2 | माल सामान तथा सेवाको उपयोग | | | | |
| 1.3 | व्याज र सेवा खर्च | | | | |
| 1.4 | अनुदान | | | | |
| 1.5 | सामाजिक सुरक्षा | | | | |
| 1.6 | अन्य खर्च | | | | |
| 2 | पुँजीगत | | | | |
| 2.1 | जग्गा | | | | |
| 2.2 | भवन | | | | |
| 2.3 | फर्निचर | | | | |
| 2.4 | सवारी साधान | | | | |
| 2.5 | मेशिनरी औजार | | | | |
| 2.6 | सार्वजनिक निर्माण | | | | |
| 2.7 | पुँजीगत अनुसन्धान र परामर्श | | | | |
| 3 | सशर्त अनुदान संघ | | | | |
| ४ | सशर्त अनुदान प्रदेश | | | | |
| जम्मा | पुँजीगत | | | | |

**<u>प्रस्ताव नं. ५ — वातावरणीय प्रभाव मूल्याङ्कन (IEE) स्विकृत सम्बन्धमा ।</u>**

**<u>निर्णय नं. ५</u>** - प्रस्ताव नं. ५ उपर छलफल गर्दा लियोनार्दो इन्जिनियरिङ कन्सलटेन्सी प्रा.लि. बालाजु-१६, काठमाण्डौंबाट भएको यस पालिकाको तपसिलका क्षेत्रको वातावरणीय प्रभाव (IEE) मूल्याङ्कन स्विकृत गर्ने भनी निर्णय गरियो।

तपसिल

- थोपल खोला वगरबाट ढुङ्गा, गिट्टी वालुवाको दिगो उत्खन्न सम्बन्धी IEE
- भर्याङभुरुङ खोलाको वगरबाट ढुङ्गा, गिट्टी वालुवाको दिगो उत्खन्न सम्बन्धी IEE
- सिमभन्ज्याङ देउराली म्यागङ सडकको दायाँ वायाँ क्षेत्रबाट वगरबाट ढुङ्गा, गिट्टीको दिगो उत्खन्न सम्बन्धी IEE

म्याग्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देउराली, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७३

**प्रस्ताव नं. ६ — खर्चको भुक्तानी प्रतिवेदन सम्बन्धमा।**

**निर्णय नं. ६** - प्रस्ताव नं. ६ उपर छलफल गर्दा लेखा शाखाबाट प्रस्तुत प्रथम चौमासिक खर्च भुक्तानीको प्रतिवेदन तथा गत महिना मङ्सिर सम्मको खर्चको भुक्तानी अनुमोदन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ७ — पुरक बजेट सम्बन्धमा।**

**निर्णय नं. ७** - प्रस्ताव नं. ७ उपर छलफल गर्दा बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट प्रस्तुत भएको तपसिल बमोजिमको पुरक बजेट गाउँ सभामा प्रस्तुतका लागि स्विकृत गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ८ — समपुरक तथा विशेष अनुदान सम्बन्धमा।**

**निर्णय नं. ८** - प्रस्ताव नं. ८ उपर छलफल गर्दा यस पालिकाको आ.व २०८०/८१ को लागि तपसिल बमोजिमको आयोजनाको लागि संघीय समपुरक तथा विशेष अनुदान माग गर्ने भनि सर्वसम्मतमा निर्णय गरियो।

**संघीय समपुरक अनुदान माग बजेट शीर्षक**

क) ब्रम्राङ देखि ब्युरुगङ सडकको स्तरोउन्नती, म्यागङ १ — रु. १ करोड

ख) देउराली — टावर डाँडा जोङदली हुदै पुच्छर टोल थङ्माचेत हुँदै किस्पाङ जोड्ने सडक स्तरोउन्नती, म्यागङ २ — रु. १ करोड

ग) म्यागङ गा.पा. वडा नं ३ गोरेटो बाटो निर्माण, म्यागङ ३ — रु. १ करोड

घ) छोगङ — भ्रङार - कुनागाउँ - कृषि सडक, म्यागङ ४ — रु. १ करोड

ङ) टावर डाँडा भराङभुरुङ सडक स्तरउन्नती, म्यागङ ५ — रु. १ करोड

च) टुँडी पार्कको सौन्दरिकरण, म्यागङ ३ र ६ — रु. १ करोड

**संघीय विशेष अनुदान माग बजेट शीर्षक**

क) लक्षित वर्गको जिविको पार्जन कार्यक्रम म्यागङ १ देखि ६ — रु. २ करोड

ख) किम्ताङ ठुलो गाउँ, होक्तोङ, पोलोचेत, सप्चेत, क्लि ब्रा पहिरो नियन्त्रण तथा VCA, म्यागङ गा.पा. — रु. २ करोड ५० लाख

ग) बैकुण्डे खानेपानी, डङचेत खानेपानी, बलजुङ खानेपानी, गेदा खोला खानेपानी, गैराफुम खानेपानी, होक्तोङ, तल्लोटोल खानेपानी, कुवा खानेपानी आयोजना, म्यागङ गा.पा. — रु. २ करोड

घ) देउराली मा.वि. भवन निर्माण, म्यागङ ३ — रु. २ करोड

ङ) थप सामरी स्वास्थ्य चौकी र खोप केन्द्र भवन निर्माण, म्यागङ ६ र ३ — रु. २ करोड ५० लाख

म्याग्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देउराली, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७३

**प्रस्ताव नं. ९ — आर्थिक सहयोग सम्बन्धमा।**

**निर्णय नं. ९** - प्रस्ताव नं. ९ उपर छलफल गर्दा म्यागङ गाउँपालिका वडा नं. २ निवासी श्री सिंगराज तामाङ को पत्नि र छोराको अज्ञात समूहबाट भएको लुटपट र आक्रमणबाट गम्बिर घाईते भएकोमा निज आमा छोराको उपचारको लागि रु.१,००,०००/- को आर्थिक सहयोग प्रदान गरेको र म्यागङ गा.पा. वडा नं. ६ निवासी श्री .............................. को उपचारको क्रममा निजको आर्थिक रुपले विपन्न भएको कारण उपचारको खर्च भुक्तानी गरी शववाहन तथा काज क्रियाको लागि रु.५०,०००/- आर्थिक सहयोग प्रदान गरिएकोमा सो आर्थिक सहयोग अनुमोदन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १० — कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा।**

**निर्णय नं. १०** - प्रस्ताव नं. १० उपर छलफल गर्दा विधान समितिबाट प्राप्त म्यागङ गाउँपालिकाको सामुदायिक विद्यालयको विद्यार्थीहरुलागि दिवा खाजा व्यवस्थापन कार्यविधि, २०७९ र स्थानीय विकास कोषको परिचालन सम्बन्धी कार्यविधि, २०७९ स्वीकृत गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ११ — जिल्ला प्रहरी कार्यालयको आर्थिक सहयोग सम्बन्धमा।**

**निर्णय नं. ११** - प्रस्ताव नं. ११ उपर छलफल गर्दा जिल्ला प्रहरी कार्यालय नुवाकोट च.नं. ११४९ मिति २०७९/०९/२२ को प्राप्त पत्रबाट उक्त कार्यालयको बा.२ ज. ४१८१ नं. को गाडी पटक पटक बिग्रिन गई शान्ति सुरक्षा गस्तीका लागि समस्या परेको हुदाँ गाडी मर्मतको बिल राखी आर्थिक सहयोगको लागि अनुरोध गरेकोमा पालिकाको विविध खर्च शीर्षकबाट रु.७५,०००/- उपलब्ध गराउने भनी निर्णय गरियो।

**प्रस्ताव नं. १२ — सेवा प्रवाह सम्बन्धमा।**

**निर्णय नं. १२** - प्रस्ताव नं. १२ उपर छलफल यस म्यागङ गाउँपालिका कार्यालय, वडा कार्यालयहरुबाट नागरिकलाई प्रवाह गरिने सेवा सुविधाको समिक्षा गरियो। सेवा सुविधा प्रवाहलाई थप प्रभावकारी बनाउन वडा कार्यालय तथा पालिकाको शाखाहरुलाई निर्देशन गर्ने भनी निर्णय गरियो।

**प्रस्ताव नं. १३ — झोलुङ्गे पुलको सर्भे तथा थप बजेट माग सम्बन्धमा।**

**निर्णय नं. १३** - प्रस्ताव नं. १३ उपर छलफल गर्दा पालिका अन्तर्गत आवश्यकता अनुसार तपशिलका झोलुङ्गे पुल सर्भेको लागि श्री विकास आयोजना सेवा केन्द्र (डिप्रोक्स नेपाल), थापाथली, काठमाडौंलाई अनुरोध गर्ने भनी निर्णय गरियो। साथै कार्यान्वयन झोलुङ्गे पुल झर्ना सेरलुङ, क्योबस्योङ, काब्रेबास, हारलामछाप, क्रेत्युङ खोला झो.पु. म्यागङ गाउँपालिका शीर्षक को लागि मन्त्रालमा थप बजेट माग गर्ने भनी निर्णय गरियो।

**झोलुङ्गे पुल सर्भको शीर्षक**

क) घ्यब्रिङ खोला झोलुङ्गे पुल, म्यागङ १

ख) तिम्न्युब्रा झोलुङ्गे पुल, म्यागङ २

ग) फिलेन खोला झोलुङ्गे पुल, म्यागङ ३

घ) कम्बाखोला खोला झोलुङ्गे पुल, म्यागङ ४

ङ) चम्ना थम्बुखोला झोलुङ्गे पुल, म्यागङ ४

च) कुबा फलाँटेबेशी झोलुङ्गे पुल, म्यागङ ६

**प्रस्ताव नं. १४ — सर्वसम्मतले पारित सम्बन्धमा।**

**निर्णय नं. १४** - प्रस्ताव नं. १४ उपर छलफल गर्दा प्रस्तावित सम्पूर्ण प्रस्तावहरु सर्वसम्मतले पारित गर्ने निर्णय गरियो।